


**अध्यक्ष डिटर एफ् उक्डोर्फद्वारा**
प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार

# एक अनुयायीको जीवन

तीस वर्ष अगाडि घानामा एक एल्डिएस्को सभागृहमा डो नाम गरेकी एक विश्वविद्यालयकी जवान विद्यार्थी पहिलो पटक प्रवेश गर्नुभयो । एक साथीले डोलाई आफूसँग आउन निमन्त्रण गर्नुभएको थियो र चर्च कस्तो थियो भनेर जान्नका लागि डो उत्सुक हुनुहुन्थ्यो ।

त्यहाँका मानिसहरु अति नै राम्रा र आत्मिय थिए कि उहाँले सहयोग गर्न सक्नुभएन तर सोचमग्न हुनुभयो । "यो कस्तो चर्च हो ?"

डोले प्रभावको महसुस गर्नुभयो जसका कारण उहाँले चर्च र यसका मानिसहरुका बारेमा सिक्ने निर्णय गर्नुभयो जो महान् खुशीले भरीपूर्ण हुनुहुन्थ्यो । तर जसै उहाँले त्यसो गर्न सुरु गर्नुभयो हरेक घुम्तीमा उहाँको परिवार र साथीहरुले विरोध गर्नथाले । तिनीहरुले चर्चका बारेमा दर्दनाक कुराहरु भने र हतोत्साहित गर्न तिनीहरुले गर्न सक्ने सबै गरे ।

तरपनि डो ले गवाही प्राप्तगर्नुभयो

उहाँसँग आस्था थियो अनि उहाँले सुसमाचारलाई प्रेम गर्नुभयो जसले उहाँको जीवनलाई खुशीले भरीपूर्ण बनायो । त्यसैले उहाँले पानीद्वारा बप्तिस्मा लिनुभयो ।

पछाडि उहाँले अध्ययन र प्रार्थनामा आफूलाई डुबाउनुभयो । उहाँ उपवास बस्नुभयो र आफ्नो जीवनमा पवित्र आत्माको प्रभावलाई महसुस गर्नुभयो । परिणाम स्वरुप डोको गवाही र आस्था मजबुत र गहिरो बन्यो । अन्ततः उहाँले परमप्रभुका लागि पूर्णकालिन धर्मप्रचार सेवा गर्ने निर्णय गर्नुभयो ।

आफ्नो धर्मप्रचार सेवा सकेर फर्केपछि उहाँले धर्मप्रचार सेवा सकेर फर्केका एक जना जसले वर्षौं पहिला उहाँको बप्तिस्मा गराउनुभएको थियो उसैसँग भेट्नुभयो र विवाह गर्नुभयो । पछि उहाँहरु दक्षिण अफ्रिकाको जोहान्सवर्ग मन्दिरमा बाँधिनुभयो ।

डो काकुले पहिलो पटक सुसमाचारको खुशीको अनुभव गरेको धेरै वर्ष भइसकेको छ । त्यो समयमा उहाँका लागि जीवन सधैं मिठो बनेन । उहाँले आफ्ना दुई सन्तान गुमाएको हृदयविदारक र निराश क्षणहरु सहितका घटनाहरुलाई उहाँले सहन गर्नुभएको छ । उहाँको हृदयमा ती अनुभूतिका गहिरा पीडाहरु अझै पनि बोझिला बनेर रहेका छन् ।

तर उहाँ र उहाँका पति एन्तोनीले एकअर्काप्रति र स्वर्गमा रहनुहुने उहाँका प्रिय पिता जसलाई उहाँहरुले उहाँहरुको आत्मा देखि नै प्रेम गर्नुहुन्छ प्रति नजिकिन सक्दो प्रयास गर्नुभयो ।

आज, उहाँले पानीद्वारा बप्तिस्मा लिनुभयो ३० वर्ष पछाडि, दिदी काकुले अर्को पूर्णकालिन धर्मप्रचार सेवा पूरा गर्नुभयो । यो पटक उहाँको पतिको छेउमा जो नाइजेरियाका धर्मप्रचार अध्यक्ष हुनुहुन्थ्यो ।

दिदी काकुलाई चिन्नेहरुले भन्नुहुन्छ उहाँमा केही विशिष्ट कुरा छ । उहाँसँग चमक छ । आफूस्वयम्मा खुशीको अनुभव नगरी उहाँसँग समय बिताउन कठीन छ ।

उहाँको गवाही निश्चित छ: "मलाई थाहा छ कि मुक्तिदाताले मलाई उहाँकी छोरी र साथीका रुपमा हेर्नुहुन्छ (हेर्नुहोस् मोसाया ५:७, इथर ३:१४)," उहाँले भन्नुभयो । "अनि आफूले भनेका कुराहरुले मात्रै नभई गर्ने कुराहरुले पनि मैले उहाँकी साथी बन्न अत्यन्तै कडा परिश्रम गरेकी छु ।"

### हामी अनुयायीहरु हौं

अन्य धेरैजसोको जस्तै दिदी काकुको कथा पनि मिल्दोजुल्दो छ । उहाँसँग सत्य जान्ने चाहना थियो । आत्मिक प्रकाश प्राप्त गर्न उहाँले मूल्य चुकाउनुभयो । उहाँले परमेश्वर र उहाँका सहयात्रीहरुमा आफ्नो प्रेम दर्शाउनुभयो र त्यही क्रममा उहाँले वेदना र पीडाहरुको महसुस पनि गर्नुभयो ।

विरोध, पीडा जेभए तापनि उहाँ आस्थामा निरन्तर रुपमा अगाडि बढ्नुभयो । अनि महत्वकासाथ उहाँले आफ्नो खुशीलाई कायम राख्नुभयो । उहाँले केवल जीवनका कठिनाइहरुलाई सामना गर्ने बाटो मात्रै पाउनुभएन कठिनाइहरुका बाबजुद पनि फलाउनफुलाउन सफल हुनुभयो ।

उहाँको कथा तपाईं र मेरो कथासँग मिल्दोजुल्दो छ ।

यदाकदा हाम्रो यात्रा निर्विघ्न वा चुनौतीरहित हुन्छ ।

हामी हरेकका आफ्नै वेदनाहरु, खिन्नताहरु र पीडाहरु छन् ।

हामीले समय समयमा हतोत्साही र घबराहट भएको महसुस गर्न सक्छौं ।

तर जसले अनुयायीको जीवन जिउँछन् – जो आस्थावान् बनेर आस्थामा निरन्तर रुपमा अगाडि बढ्छन्; जसले परमेश्वरलाई भरोसा गर्छन् र उहाँका आज्ञाहरुको पालना गर्छन्; १ जसले दिन प्रति दिन अनि घण्टा प्रति घण्टा सुसमाचारको पालना गर्छन्; जसले उनीहरु वरिपरि भएकाहरुलाई खीष्टको जस्तै सेवा

दिन्छन्, एक समयमा एक असल कार्य गर्छन् प्रायशः तिनैका साना कार्यहरुले महान् भिन्नता ल्याउँछ ।

ती जो केही दयालु छन्, केही बढी क्षमा दिने खालका छन्, र केही बढी कृपालु छन् तिनै कृपालुहरुले कृपा प्राप्त गर्नेछन् ।२ ती जसले यो विश्वलाई अझै राम्रो स्थान बनाउँछन्, समय समयमा एक करुणा र प्रेमको कार्य गर्छन्, अनि जसले येशू ख्रीष्टका अनुयायीका रुपमा आशीषित, सन्तुष्टिपूर्ण र शान्तिपूर्ण जीवन जिउन प्रयास गर्छन् तिनैले अन्ततः खुशी प्राप्त गर्नेछन् ।

उनिहरुले थाहा पाउनेछन् कि "परमेश्वरको प्रेम जुन मानिसका सन्तानको हृदयमा आफै विस्तार गराउँछ … त्यही नै सबै चीज भन्दा चाहना गरिएको चीज हो … अनि आत्माले अति नै चाहेको चीज हो ।"३

**सूचीहरु**

१ हेर्नुहोस् मोसाया ४:६
२ हेर्नुहोस् मत्ती ५:७
३ १ नफि ११:२२-२३

---

**यो सन्देशबाट सिकाउने**

अध्यक्ष उक्डोर्फले हामीलाई सिकाउनुभयो कि अनुयायीको मार्ग कठिन छ तर ती जसले येशू ख्रीष्टको अनुयायीका रुपमा शान्तिपूर्ण जीवन जिउँछन् तिनैले अन्ततः खुशी प्राप्त गर्दछन् । जीवनका चुनौतीहरुका बाबजुद ख्रीष्टका सही अनुयायीहरुले अध्यक्ष उक्डोर्फले बताउनुभएको कथाको डोले जस्तै शान्ति र खुशी पाउन सक्छन् । तपाईंले ख्रीष्टको अनुयायी बन्ने कुरालाई किन छनौट गर्नुभयो र उहाँले तपाईंलाई कसरी मजबुत पार्नुभयो भनेर तपाईं आफ्नै जीवनको कुनै एक कथा बाँड्ने कुरालाई पनि प्राथमिकता दिन सक्नुहुन्छ । जब तपाईं आत्माका माध्यमबाट अगुवायी गरिएको हुनुहुन्छ तपाईंले सिकाउनेहरुलाई व्यक्तिगत कथाहरु बाँढ्नाले मजबुत बनाउन सक्छ ।

## यूवा

### येशू ख्रीष्टको अनुयायीका रुपमा खुशी

के तपाईंले कहिल्यै खराब दिनको अनुभूति गर्नुभयो ? खुशी हुनलाई तपाईंले के गर्नुभयो ? अध्यक्ष उक्डोर्फले बुझनुभयो कि हामी हरेकले हाम्रा वदना, हाम्रा खिन्नता, हाम्रा दुःखहरुको सामना गर्नेछौं । हामीले हतोत्साही र घबराहट भएको पनि महसुस गर्छौं ।

उहाँको समाधान भनेको उहाँले भनेको जस्तै "एक अनुयायीको जीवन जिउनु": "आस्थावान् रहनु र आस्थामा निरन्तर अगाडि बढिरहनु" हो । जब हामी आस्थामा अगाडि बढ्छौं, हामी परमेश्वरलाई भरोसा गर्न, उहाँका आज्ञाहरु पालन गर्न अनि अरुहरुको सेवा गर्न र यी सबैमा खुशी अनुभव गर्न सक्षम हुन्छौं । अध्यक्ष उक्डोर्फले भने जस्तै, "जसले अनुयायीको जीवन जिउँछन् … प्रायशः तिनैका साना कार्यहरुले महान् भिन्नता ल्याउँछ ।

एक अनुयायीका रुपमा तपाईंले जीवन यापन गर्न सक्ने तरिकाहरुको एक सूची बनाउने कुरालाई महत्व दिनुहोस् । केही समयका लागि, तपाईं सेवाका तरिकाहरु जस्तै "साँझको खाना बनाउन अभिभावकलाई सहयोग गर्ने" वा "मेरा दाजुभाइ दिदीबहिनीहरुसँग धर्यता राख्नका लागि प्रार्थना गर्ने" जस्तै आज्ञाहरुको पालन गर्ने तरिका लेख्न सक्नुहुन्छ । अर्को पटक तपाईं खिन्न हुँदा वा धेरै घबराहट हुँदा, यो सूचीमा हेरेर एउटा तरिकालाई अपनाउन सक्नुहुन्छ र त्यसलाई प्रयोग गर्न सक्नुहुन्छ ।

## केटाकेटीहरु

### खुशी र दुःखका क्षणहरु

कुनै दिन तिनीहरुका लागि खुशीका क्षणहरु कम हुन्छन् अनि त्यो ठीकै छ । येशूले तपाईंलाई तिनीहरुमाथि विजयी हुन सहयोग गर्न सक्नुहुन्छ ।

निधार खुम्चिएको अनुहारको एक चित्र कोर्नुहोस् । तपाईं दुःखी हुँदा येशूले कसरी सहयोग गर्न सक्नुहुन्छ ? अब मुस्कुराएको अनुहारको चित्र कोर्नुहोस् । येशूले तपाईंलाई खुशी हुन कसरी सहयोग गर्नुहुन्छ ?

© 2017 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । 97928-372 को अनुवाद ।

# पवित्र जीवन जिउने

*के बाँड्ने भनेर जान्नका लागि प्रार्थनापूर्वक यो पाठ्य सामग्री पढ्नुहोस् । रिलिफ सोसाइटीको उद्देश्य बुझ्नाले परमेश्वरका छोरीहरुलाई अनन्त जीवनको आषीशका लागि कसरी सहयोग गर्छ ?*

**आस्था, परिवार, राहत**

"पवित्र पार्नु भनेको पृथक पार्नु वा केही चीजलाई पवित्र चीजका रुपमा समर्पित गर्नु, पवित्र उद्देश्यका लागि समर्पित गर्नु हो" भनेर बाह्र प्रेरित गणका एल्डर डि टोडक्रिष्टोफर्सनले भन्नुभयो । "हाम्रो जीवनलाई पवित्र पारेर नै यो जीवनमा सही सफलता प्राप्त हुन्छ त्यो भनेको परमेश्वरको उद्देश्यका लागि हाम्रो समय र छनौट हो ।"१

बाह्र प्रेरित गणका एल्डर निल ए म्याक्स्वेल (१९२६-२००४)ले भन्नुभयो, "पवित्रता भनेको दैवी रुपमा निर्देशित, हाम्रो भौतिक सम्पत्ति हो भनेर हामीले सोच्ने गर्छौं तरपनि पवित्रता भनेको हामीस्वयम्लाईं परमेश्वरको तहसम्म पुऱ्याउनु हो ।" २

परमेश्वरको उद्देश्यका लागि जसै हामीले आफू स्वयम्लाई पवित्र पार्छौं; येशू ख्रीष्ट र उहाँको प्रायश्चित्त प्रतिको हाम्रो आस्था बढ्छ । हामीले पवित्र जीवन जिउँदा, ती कार्यहरुका माध्यमबाट हामी पवित्र पारिएका हुनसक्छौं ।

रिलिफ सोसाइटी अध्यक्षताकी पहिलो सल्लाहकार क्यारोल एम् स्टेफेन्स् भन्नुहुन्छः "एल्डर रबर्ट डि हेल्स्ले सिकाउनुभयो, 'जब हामीले करारहरु गर्छौं र ती करारहरुको पालना गर्छौं, हामी संसारबाट बाहिर परमेश्वरको राज्यमा आउँछौं ।'

"हामी परिवर्तित भएका छौं । हामी फरक देखिन्छौं र हामी फरक व्यवहार गर्छौं । हामीले सुन्ने, पढ्ने र बोल्ने कुराहरु फरक छन् अनि हामीले लगाउने कुराहरु पनि फरक छन् किनकि करारका माध्यमबाट हामी परमेश्वरका छोरीहरु बाँधिएका छौं ।"३

पवित्रता इस्रायलीका घरनासँग परमेश्वरले गर्ने करार हो; ती दिनहरु पछि परमेश्वरले भन्नुभयो, म तिनीहरुको अगाडि नियम राख्नेछु र यो तिनीहरुको हृदयमा राख्नेछु र तिनीहरुका परमेश्वर हुनुहुनेछ र तिनीहरु मेरा मानिस हुनेछन् । (यर्मिया ३१:३३) पवित्र जीवन जिउनु हाम्रा लागि परमेश्वरको योजनाको अनुरुप हो ।

***थप धर्मशास्त्र र जानकारीहरू***

१ थेसिलोनिका १:३, सिद्धान्त र करार १०५:५

**सूचीहरू**

१ डि टोड क्रिष्टोफर्सन, "Reflections on a Consecrated Life," *Liahona,* नोभे. २०१०, १६
२ निल ए म्याक्स्वेल, "Consecrate Thy Performance," *Liahona,* जुलाई २००२, ३९
३ क्यारोल एम्. स्टेफेन्सन्, "Wide Awake to Our Duties," *Liahona,* नोभे २०१२, ११५-१६

**यसलाई ध्यान दिनुहोस्**

हाम्रो जीवन परमप्रभुमा समर्पण गर्नाले हामीलाई उहाँ जस्तै बन्न कसरी सहयोग गर्छ ?

© 2017 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदन: ६/१६ । अनुवाद अनुमोदनः ६/१६ ।
97928-372 को अनुवाद ।